आज मिति २०७५ फागुन २२ गते बुधबार विहान ११:३० बजे गांउपालिका अध्यक्ष श्री राजकुमार मल्लको अध्यक्षतामा देहायको उपस्थितिमा २७औं गाउं कार्यपालिकाको बैठक बसी निम्नानुसारको निर्णय गरीयो:

उपस्थितिः

| सि.नं. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री राजकुमार मल्ल | |
| २ | उपाध्यक्ष | श्री निर्मला हिम्दुङ | |
| ३ | सदस्य | श्री कान्छाराम रूम्बा, वडा अध्यक्ष-१ | |
| ४ | सदस्य | श्री सूर्य बहादुर मुक्तान, वडा अध्यक्ष-२ | |
| ५ | सदस्य | श्री बाबुलाल स्याङतान, वडा अध्यक्ष-३ | |
| ६ | सदस्य | श्री संजय कोईराला, वडा अध्यक्ष-४ | |
| ७ | सदस्य | श्री चन्द्र सिंह प्रजा, वडा अध्यक्ष-५ | |
| ८ | सदस्य | श्री सिंगलाल प्रजा, वडा अध्यक्ष-६ | |
| ९ | सदस्य | श्री कुल बहादुर प्रजा, वडा अध्यक्ष-७ | |
| १० | सदस्य | श्री रामकृष्ण प्रजा, वडा अध्यक्ष-८ | |
| ११ | सदस्य | श्री रामकुमार वाल्वा थिङ, वडा अध्यक्ष-९ | |
| १२ | सदस्य | श्री सन्त बहादुर प्रजा | |
| १३ | सदस्य | श्री सिमोन वि.क. | |
| १४ | सदस्य | श्री मैना कुमारी गोले | मैना |
| १५ | सदस्य | श्री गौरीमाया स्याङतान | गौरी |
| १६ | सदस्य | श्री कर्ण कुमारी राउत | कर्ण |
| १७ | सदस्य | श्री सुकमाया वि.क. | सुक |
| १८ | सदस्य-सचिव | श्री रामकुमार पुडासैनी | |
| १९ | लेखा अधिकृत | श्री शम्भु प्रसाद बर्तौला | |
| २० | अधिकृत सातौं | श्री राजेन्द्र भट्टराई | |
| २१ | नायब सुब्बा | श्री निशीथ प्रसाद शर्मा | |

CS CamScanner

**प्रस्तावहरु**

१. घ वर्गको निर्माण व्यवसायी प्रमाणपत्र नविकरण सम्बन्धमा ।
२. बिभिन्न मितिमा भएको तोक आदेश अनुमोदन सम्बन्धमा ।
३. गत आ.व.२०७४/७५ मा संचालित योजनाको रकम भुक्तानी सम्बन्धमा ।
४. योजना संझौता अवधि थप सम्बन्धमा ।
५. प्राविधिक टोली गठन सम्बन्धमा ।
६. नदिजन्य पदार्थ उत्खनन् सम्बन्धमा ।
७. राजश्व परामर्श समितिको निर्णय स्विकृती सम्बन्धमा ।
८. नदीजन्य पदार्थको अमानतमा उठाउने सम्बन्धी कार्ययोजना स्विकृती सम्बन्धमा ।
९. यातायात पूर्वाधार निर्देशनालयको परिपत्रको सम्बन्धमा ।
१०. वडा कार्यालयहरु सूचारु रुपमा सञ्चालन सम्बन्धमा ।
११. विद्युत विस्तार सम्बन्धमा ।
१२. विभिन्न सहयोग सम्बन्धमा ।
१३. नागरिकता टोली माग सम्बन्धमा ।
१४. शिक्षा शाखाको प्रस्ताव सम्बन्धमा ।
१५. भुकम्प शाखाका कर्मचारीलाई सुविधा सम्बन्धमा ।
१६. विपद व्यवस्थापन सामाग्री खरिद सम्बन्धी ।
१७. पाइप वितरण सम्बन्धमा ।
१८. आर्युवेद भवन निर्माण जग्गा व्यवस्थापन सम्वन्धमा ।
१९. वैकल्पीक उर्जा सामाग्री सम्बन्धमा ।
२०. छात्रावास भवन निर्माण सम्बन्धमा ।
२१. पोशाक सम्वन्धमा ।
२२. कृषि भ्रमण सम्वन्धमा ।
२३. नियम, कार्यविधि, निर्देशिका स्विकृती सम्वन्धमा ।
२४. आई.इ.इं को लागि TOR तयारी सम्वन्धी
२५. सामाजिक सुरक्षा सम्वन्धमा ।
२६. मन्त्रालयलाई अनुरोध सम्वन्धमा ।

**छलफल तथा निर्णय**

**निर्णय: १**

हाल यस गाउपालिकामा हस्तान्तरण भई आएका साविकमा जिल्ला विकास समितिको कार्यालय, मकवानपुरमा दर्ता कायम भएको ईजाजत नं. ४३ मिति २०५७०४।२३ को रुम्बा कन्स्ट्रक्सन, राक्सिरागं गा.पा. वडा नं. १ को "घ" वर्ग निर्माण व्यवसाय ईजाजतपत्र नविकरण गरी पांउ भनी निवेदन प्राप्त भएकोमा सो ईजाजतपत्र २०७४ असार मसान्तसम्म मात्र नविकरण भएकोमा सम्बन्धीत निकायवाट समयमा अभिलेख प्राप्त नभएको र त्यस्ता प्रकारका ईजाजतपत्रको दर्ता, नविकरण सम्वन्धी कार्यविधि तत्कालिन अवस्थामा बनि नसकेको सन्दर्भमा द्विविधा समेत भएकोले यस राक्सिरागं गाउपालिका ठेगाना भई दर्ता भएका निम्न उल्लेखित "घ" वर्गको ईजाजतपत्रहरु लाई २०७६ साल सम्मको लागि नविकरण नभएको प्रत्येक वर्षको रु. २,०००रू का दरले जरीवाना र नविकरण दस्तूर प्रत्येक वर्षको रु. १,००० रू का दरले जम्मा रु. ३,००० रू लिई नविकरण गरी दिने निर्णय गरीयो ।

तपसिल:

CamScanner

| क्र.नं. | ई.नं. | दर्ता मिति | फर्मको नाम, ठेगाना | प्रोप्राईटरको नाम, ठेगाना |
|---|---|---|---|---|
| १ | ४३ | २०५७/०४/२३ | रुम्बा कन्स्ट्रक्सन, राक्सीरागं १ | श्री मिथुन रुम्बा, राक्सीरागं १ |
| २ | ५५५ | २०७४/०३/२३ | अंकिता निर्माण सेवा, राक्सीरागं ३ | श्री राजकुमार ठकुरी, राक्सीरागं ३ |
| ३ | ५५६ | २०७४/०३/२३ | तामागं निर्माण सेवा, राक्सीरागं ३ | श्री तेज बहादुर लामा, राक्सीरागं ३ |
| ४ | ५७२ | २०७४/०४/०१ | कान्छी कालिका निर्माण सेवा, राक्सीरागं ३ | श्री पदम बहादुर बल, राक्सीरागं ३ |
| ५ | ५७३ | २०७४/०४/०१ | खैरागं यूवा कन्स्ट्रक्सन, राक्सीरागं ९ | श्री जनक बहादुर सारु मगर, राक्सीरागं ९ |

**निर्णय नं.२**

यस गाउंपालिकाको बिभिन्न वडा र सस्थाहरुबाट योजना तथा कार्यक्रमहरु संचालन गर्नको लागि रकम मांग भै आएकोमा पछि गाउं कार्यपालिका बोर्डबाट अनुमोदन हुने गरी श्रीमान अध्यक्ष ज्यूबाट बिभिन्न मितिमा तपसिलको योजना तथा कार्यक्रमहरुको लागि रकम उपलब्ध गराउने भएको तोक आदेश आजको बैठकबाट सर्वसम्मत रुपमा अनुमोदन गर्ने निर्णय गरीयो ।

तपसिल

| सि. नं. | योजना तथा कार्यक्रमको नाम | बजेट | शिर्षक |
|---|---|---|---|
| १ | माणिकलाल स्मृती प्रतिष्ठान,राक्सिराङ्गलाई बातावरण प्रदुषण न्युनिकरण तालिम र जलबायु परिवर्तन अभिमुखिकरण तालिम संचालन | रु.२,००,००० | गा.पा.स्तरिय आयोजनाको बातावरण संरक्षण र जलवायु परिवर्तन शिर्षक |
| २ | कुतासिं जिर्खेडांडा बिधुत ट्रान्सफर्मर जडान, राक्सिराङ्ग ५ | रु.१,८०,००० | गा.पा.स्तरिय आयोजनाको उर्जा,लघु तथा साना जलबिधुत कार्यक्रमको बिधुत पोल,ट्रान्सफर्मर,तार आदि खरिद र बितरण शिर्षक |
| ३ | गोदावरी महिला जागरण श्रम सहकारी सस्था लि.,राक्सिराङ्ग ३ लाई हिंसा पिडित महिलाहरुलाई सीपमूलक कार्यक्रम संचालन | रु.४,३५,००० | गा.पा.स्तरिय आयोजनाको लैंगिक समानता तथा सामाजिक समावेशीकरण कार्यक्रम २०६० के सि.नं.६ को कार्यक्रम |
| ४ | राक्सिराङ्ग महिला श्रम तथा कृषि उपभोक्ता सस्था लि.,चैनपुरलाई महिला संजाल तथा सहकारी कार्यसमिति माझ अर्न्तक्रिया कार्यक्रम संचालन | रु.१,५०,००० | गा.पा.स्तरिय आयोजनाको लैंगिक समानता तथा सामाजिक समावेशीकरण कार्यक्रम २०६० के सि.नं.२ को कार्यक्रम |
| ५ | वोटबारी हुदैं वाङ्गराङ्ग रानीवाङ्ग तथा चौतारा वेकिम बिधुत ट्रान्सफर्मर जडान योजना,राक्सिराङ्ग ५ | रु.१,७०,००० | गा.पा.स्तरिय आयोजनाको उर्जा,लघु तथा साना जलबिधुत कार्यक्रमको बिधुत पोल,ट्रान्सफर्मर,तार आदि खरिद र बितरण शिर्षक |

CamScanner

**निर्णय नं. ३**

यस राक्सिराङ्ग गाउंपालिकाको गत आ.व. २०७४/७५ मा संचालित तपसिलका आयोजनाहरु सम्पन्न भै प्राविधिक शाखाबाट अन्तिम मूल्यांकन साथ कार्यसम्पन्न प्रतिवेदन पेश गरी भुक्तानी दिन बांकी रहेकोमा उक्त आयोजनाहरु उपर अख्तियार दुरुपयोग अनुसन्धान आयोग, हेटौंडामा उजुरी परि अनुसन्धानको क्रममा रहेकोमा कार्यपालिकाको मिति २०७५/०९/२९ गतेको बैठकबाट उक्त योजनाहरुको कार्यसम्पन्न परिमाण, अध्यक्ष, उपाध्यक्ष र सम्बन्धित वडाका वडाध्यक्षको अनुगमन प्रतिवेदनको आधारमा भुक्तानी दिने निर्णय भएकोमा तपसिलको आयोजनाहरुको अनुगमन टोलीबाट स्थलगत अनुगमन प्रतिवेदन पेश हुन आएकोले तपसिलका आयोजनाहरु फरफारक गरी भुक्तानी दिने निर्णय गरीयो ।

## तपसिल

| सि नं | योजनाको नाम,ठेगाना | लागत अनुमान | मूल्यांकन | बजेट | हाल सम्म निकासा | भुक्तानी दिन बांकी | भुक्तानी दिने रकम |
|---|---|---|---|---|---|---|---|
| १ | शंकरखोला पहिलो लघु जलविधुत आयोजना,राक्सिराङ्ग ७ | १७,८२,७६७/१० | १७,८२,७६७/१० | १५,००,००० | १०,९१,२५० | ४,०८,७५० | तपसिलको कर कट्टा गरी भुक्तानी दिने<br>कन्टीन्जेन्सी रु.४५,०००/<br>सामान खरिद ८३,३८३/ को १.५% रु.१२५१/<br>सामानढुवानी ३०,०००/को १०% रु.३०००/<br>जम्मा रु.४९,२५१/<br>खुद भुक्तानी दिने रकमरु.३,५९,४९९/ |
| २ | हात्तीघाप दामराङ्ग तर्लिङ्ग चरीमारा सडक निर्माण योजना, राक्सिराङ्ग ७ | ४२,०३,०९१/३७ | ४२,१०,३६९/३० | ३५,००,००० | २५,४६,२५० | ९,५३,७५० | तपसिलको कर कट्टा गरी भुक्तानी दिने<br>कन्टीन्जेन्सी रु.१,०५,०००/<br>मेशीन भाडा ५,५२,२४०/ को १.५% रु.८२८४/<br>ईन्धन खरिद१५,२३,८२१/ को १.५% रु.२२,८५७/<br>मेशीन ढुवानी ७०,०००/ को १०% रु.७०००/<br>ईन्धन ढुवानी ९१,०००/ को १०% रु.९१००/<br>जम्मा रु.१,५२,२४१/<br>खुद भुक्तानी दिने रकमरु.८,०१,५०९/ |

**निर्णय नं. ४**

यस गाउंपालिकाको चालु आ.व.२०७५/७६ मा स्वीकृत योजना तथा कार्यक्रमहरुको संझौता गर्ने अवधि कार्यपालिकाको मिति २०७५/१०/०७ को निर्णयानुसार २०७५ माघ मसान्त सम्म रहेकोमा केही योजना तथा कार्यक्रमहरु भौगोलिक बिकटताका कारण संझौता गर्न नसकी बांकी रहेकोले २०७५ फाल्गुण मसान्त सम्म योजना संझौता गर्ने निर्णय गरीयो ।

**निर्णय नं.५**

नेपाल सरकारको हालैको नीति अनुसार २०७५ फाल्गुण १ गते देखि लागु हुने गरी रु.१ करोड भन्दा मुनिका सडक आयोजनामा मेशीन प्रयोग गर्न नपाउने र प्रयोग गर्नु पर्ने स्थिति भएमा

CamScanner

**निर्णय नं. ११**

यस गाउँपालिकालाई आर्थिक मामिला तथा योजना मन्त्रालयबाट स्वीकृत भएको योजनाहरुमध्य ख.शि.नं. ३११५१ ग्रामीण विद्युतीकरण कार्यक्रमका लागि यस गाउँपालिकालाई प्राप्त रु. १ करोड रकमबाट यस गाउँपालिकालाई काठको पोल मुक्त गाउँपालिका बनाउने नीति अनुरुप बोलपत्र आव्हान मार्फत विद्युतीकरणका लागि आवश्यक ट्याल्भानाइज्ड विद्युत पोल, विद्युत तारहरु खरिद गर्ने निर्णय गरियो साथै थप विद्युतीय पोल तथा तार सहयोगको लागि नेपाल विद्युत प्राधिकरण तथा सम्बन्धित निकायलाई लेखि पठाउने निर्णय गरियो । त्यसैगरी आर्थिक मामिला तथा योजना मन्त्रालयले विशेष अनुदान कार्यविधि, २०७५ बमोजिम प्रदान गरेको उल्लेखित विद्युतीकरण कार्यक्रम लगायत कार्यान्वयन चरणमा गएका तपसिलका पूर्वाधार योजनाहरुका कार्यान्वयन प्रक्रियालाई समर्थन गर्ने समेत गर्ने निर्णय गरियो ।

**तपसिल**

| सि.नं. | विवरण | ख.शि.नं. | बजेट | कार्यान्वयन प्रक्रिया |
|---|---|---|---|---|
| १ | राजमार्गदेखि गाउँपालिका केन्द्रसम्म जोड्ने मनहरी चैनपुर सडक स्तरीकरण | ३११५१ | १ करोड | बोलपत्र आव्हान |
| २ | गा.पा. केन्द्रबाट वडा केन्द्र जोड्ने चैनपुर साजग रानीवाङ पञ्जनी मान्छाप गिह्नु रतुवा साइचा खैराङ्ग मलेखु वडा नं. ५, ४, ९ साथै कैलाश गाउँपालिका जोड्ने सडक निर्माण | ३११५१ | १ करोड | बोलपत्र आव्हान |
| ३ | राजमार्गदेखि वडा हुँदै गाउँपालिका केन्द्र जोड्ने नेवारपानी कोलगैरी दुङ्कु कुपिनटार वडा नं. १, २, ३ सडक | ३११५१ | ५० लाख | उपभोक्ता समिति गठन |
| ४ | गा.पा. केन्द्रबाट वडा केन्द्र जोड्ने चैनपुर वागमारा मैनाटार गोठरी सुनारीसौरा विरालीटार वडा नं. २, ३, ५ सडक | ३११५१ | ५० लाख | उपभोक्ता समिति गठन |
| ५ | गा.पा. केन्द्रबाट वडा केन्द्र जोड्ने चैनपुर कुनसिं देवीटार गोठडाँडा मानेडाँडा वडा नं. ८, ६, ७ र चितवन जोड्ने सडक | ३११५१ | १ करोड | बोलपत्र आव्हान |

**निर्णय नं. १२**

चालु आर्थिक वर्षका लागि विभिन्न संघ, संस्था, निकायहरुको माग र आवश्यकता अनुसार तपसिल बमोजिम रकम विनियोजन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| जिल्ला खेलकुद संघ | १ लाख |
| गाउँपालिकास्तरीय नारी दिवस कार्यक्रम | १ लाख (जसमध्य सशर्त अनुदानबाट २० हजार) |
| सहकारी संघ तालिम | ३० हजार |
| न्यायिक समिति तथा मेलमिलाप केन्द्र बैठक सञ्चालन तथा व्यवस्थापन | ५ लाख |

CamScanner

**निर्णय नं. १३**

यस गाउँपालिकामा जिल्ला प्रशासन कार्यालयको समन्वयमा चैत्र महिनामा २ चरणमा वडा नं. ३ मरिखेत र वडा नं ६ शिलाधुनीमा नागरिकता शिविर सञ्चालन गर्ने शिविर सञ्चालन हुने मितिको ७ दिन अगावै वडा कार्यालयले तयार गर्ने सर्जिमिन मुचुल्का, वडा सिफारीस लगायतका कागजात तयार गर्न वडा कार्यालयलाई निर्देशन दिने निर्णय गरियो । साथै उक्त शिविर सञ्चालन गर्ने मितिका सन्दर्भमा जिल्ला प्रशासन कार्यालयसँग समन्वय गरी मिति तथा दिन तय गर्ने निर्णय गरियो ।

**निर्णय १४**

यस गाउँपालिकाको शिक्षा शाखाको माग र आवश्यकता बमोजिम देहाय बमोजिम गर्ने निर्णय गरियो ।

- सामाजिक विकास शाखाको मिति २०७५ माघ ११ को निर्णयानुसार संशोधनको लागि पेश गरिएको बजेटका सम्बन्धमा सोही निर्णय बमोजिम यस गाउँपालिकाले चालु आर्थिक वर्षको गाउँपालिकास्तरीय योजनाहरु, आ.व. २०७५।७६ को संकेत नं. २०१० शिक्षाको देहाय बमोजिमको उपशिर्षकहरुमा शिक्षा विकास तथा समन्वय इकाई, मकवानपुरबाट अनुदान रकम उपलब्ध गराएकोले आगामी गाउँसभाबाट अनुमोदन हुनेगरी ती उपशिर्षकहरु संशोधन गरी देहायबमोजिम बजेट कायम गर्ने निर्णय गरियो । साथै सो उपशिर्षकबाट उब्रने रु ६ लाख ३० हजार रकम कार्यपालिकाबाट स्विकृत हुने गरी र आगामी गाउँसभाबाट अनुमोदन हुने गरी शिक्षा शाखाको माग र आवश्यकता अनुसार शैक्षिक व्यवस्थापनमा खर्च गर्ने ।

| सि.नं. | योजनाको नाम | चालु आ.व.मा विनियोजित | संशोधित बजेट | उब्रिने बजेट | कैफियत |
|---|---|---|---|---|---|
| १ | बालजागृती प्रावि सरीखेत | १ लाख ९५ हजार | ९० हजार | १ लाख ५ हजार | |
| २ | जनजागृती प्रावि बरेटार सरिखेत | १ लाख ९५ हजार | ९० हजार | १ लाख ५ हजार | |
| ३ | धिराङ्ग प्रावि, काकँडा | २ लाख ६० हजार | १ लाख २० हजार | १ लाख ४० हजार | |
| ४ | आवि ठुलो टोड्के, काँकडा | २ लाख ६० हजार | १ लाख २० हजार | १ लाख ४० हजार | |
| ५ | बागेश्वरी आ.वि. खैराङ्ग | २ लाख ६० हजार | १ लाख २० हजार | १ लाख ४० हजार | |
| | | | जम्मा उब्रिने बजेट | ६ लाख ३० हजार | |

- यस गाउँपालिकाले चालु आर्थिक वर्षको गाउँपालिकास्तरीय योजनाहरु, आ.व. २०७५।७६ को संकेत नं. २०१० शिक्षाको सि.नं. १६ मा अंग्रेजी पठन पाठन गर्ने मा.वि. लाई सहयोग भनि रकम रु. १० लाख विनियोजित भएको मध्य ६ लाख बराबरको सूर्योदय माध्यमिक विद्यालयको अंग्रेजी पठनपाठन गर्ने भवन मर्मत संभार तथा निर्माणार्थ रु. ६ लाख रकम बराबरको विद्यालयसँग सम्झौता गर्ने र बाँकी ४ लाखको कार्यपालिकाबाट स्विकृत हुनेगरी तथा आगामी गाउँसभाबाट अनुमोदन हुनेगरी शैक्षिक क्षेत्रको कार्यक्रम तय गर्ने ।
- गाउँपालिकाको शिक्षा ऐन, २०७४ पारीत भएपश्चात सोही ऐन बमोजिम गाउँ शिक्षा समिति गठन भइसकेकोले सो ऐनमा व्यवस्था भएको वडा शिक्षा समितिको व्यवस्थाका सम्बन्धमा वडामा त्यस्तो समिति गठन भएको वा नभएको विषयमा वडा कार्यालयहरुसँग जानकारी लिने ।
- विद्यालयहरुमा नियुक्त भएका निजी तथा करारका शिक्षकहरुको तलब भत्ता कार्यविधिबमोजिम नियमानुसार निकासा गर्ने ।

CamScanner

**निर्णय नं. १५**
यस गाउँपालिकाको भुकम्प शाखामा काम गर्ने कर्मचारी- १ जनालाई भुकम्प पुनर्निर्माण सम्बन्धी कार्यमा खटिने वडामा रहेका कर्मचारीलाई प्रत्येक महिनाको २ गते हुने नियमित बैठकमा आमन्त्रण गर्ने तथा अन्य आवश्यक कागजात र समन्वय सम्पर्क गर्न आवश्यक पर्ने हुँदा मासिक रु. ५०० बराबरको सञ्चार खर्च तथा नियमित बैठकमा उपस्थित हुने भुकम्प पुन निर्माण प्राधिकरणबाट यस गाउँपालिकामा खटिएका कर्मचारीका लागि आवश्यक खाजा तथा नास्ताको व्यवस्था गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६**
यस गाउँपालिकामा हुने बाढि, पहिरो, भुकम्प लगायतका प्राकृतिक तथा मानविय क्रियाकलापबाट हुने विपद जोखिम न्युनिकरणका लागि आवश्यक जस्तापाता, विपद व्यवस्थापन पुर्वतयारीका सामाग्रीहरु, विपद व्यवस्थापन राहत पुनस्थापन सामाग्रीहरु खरिद गर्न सूची तयार गरि खरिद प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. १७**
यस गाउँपालिकाले चालु आर्थिक वर्षका लागि विनियोजन गरि खरिद गरेको विभिन्न साइजका पोलिथिन पाइपहरु वडाको माग र आवश्यकता, प्राविधिक लागत अनुमान तथा वडाको सिफारीसका आधारमा सम्बन्धित व्यक्ति, समूह तथा टोल विकास संस्थालाई वितरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. १८**
साविक राक्सिराङ्ग गाउँ विकास समिति हालको राक्सिराङ्ग गाउँपालिका वडा नं. ५ स्थित ठाडेचुरी बस्ने श्री राम वहादुर प्रजाको नाममा सोही स्थानमा दर्ता कायम भएको कित्ता नं. ४०३ को क्षेत्रफल ११-१४-२-२ मध्ये ०-२-७-० (२ कट्ठा ७ धुर) जग्गा निजले आयुर्वेद औषधालय, चैनपुर, मकवानपुरको नाममा निशुल्क दान बकस दिन राजी भएकोले उक्त जग्गा सो औषधालयको नाममा निशुल्क रजिष्ट्रेशन पास गर्न जिल्ला नापी कार्यालय तथा जिल्ला मालपोत कार्यालय, हेटौडा, मकवानपुरलाई सिफारीस गरी पठाउने निर्णय गरियो । साथै जग्गाधनी निज ६९ वर्षिय राम वहादुर प्रजा वृद्ध एवं असक्त भई आवत जावत गर्न नसक्ने भएकोले सो जग्गा उक्त औषधालयको नाममा नामसारी गर्न प्रतिनिधिका रुपमा यस गाउँपालिकाका वैद्य श्री मुकुन्द कुमार शाहलाई ताकी पठाउने निर्णय गरियो ।

**निर्णय नं. १९**
उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय, सिंहदरबार, काठमाडौंले प.सं. ०७५।७६, च.नं. ८४० मिति २०७५।११।०२ मा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई लेखेको पत्रसँग संलग्न स्थानीय तहमा नविकरणीय वैकल्पीक उर्जा कार्यक्रम कार्यान्वयनका लागि स्विकृत गरेको मार्गदर्शनको ५ नं. बुँदामा "नेपाल सरकारबाट स्थानीय सरकारलाई प्राप्त शशर्त अनुदानका लागि तोकिएका नविकरणीय उर्जा प्रविधिहरु प्राविधिक हिसावले सम्भाव्य नदेखिएमा कार्यपालिकाको निर्णय अनुसार प्राथमिकतामा परेका नवीकरणीय उर्जा प्रविधि जडान उपशिर्षकमा खर्च गर्न सकिने" भन्ने परिपत्र भएको देखिन्छ । सो सम्बन्धमा यस गाउँपालिकालाई प्राप्त सशर्त अनुदानको ८.६.४२.९ उपशिर्षकमा बायोग्यास जडान कार्यक्रमका लागि रु. १ लाख २० हजार विनियोजन भएकोले हाललाई भौगोलिक हिसावले यस गाउँपालिकालाई उक्त बायोग्याँस सम्भाव्य नदेखिएकाले सो विनियोजीत रकम सोही सशर्त अनुदानको ८.६.४२.५ उपशिर्षकमा रहेको सुधारीएको चुलो बायोमास प्रविधि जडानमा विनियोजीत रहेको रु. ८० हजार बजेटमा थप गरि कूल रु. २ लाख बराबरको नेपाल सरकारबाट अनुदान समेत प्राप्त सुधारिएको चुलो बायोमास प्रविधि खरिद गरि समूदायमा वितरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. २०**
यस गाउँपालिकाको वडा नं. ३ स्थित सरिखेतमा रहेको सूर्योदय माध्यामिक विद्यालयलाई सिपमुलक प्राविधिक विद्यालयमा स्तरोन्नती गरी प्राविधिक शिक्षा प्रदान गर्नका लागि छात्रावास भवन निर्माण गर्नुपर्ने कार्यक्रम अनुसार विस्तृत परियोजना प्रतिवेदन तयार गरी उक्त प्रतिवेदन अनुसार लाग्ने बजेटको ४० प्रतिशत

CamScanner

गाउँपालिकाले र बाँकी ६० प्रतिशत सम्बन्धित अन्य निकायमार्फत विनियोजन हुने गरी भवन निनर्माणका लागि आगामी आर्थिक वर्षका लागि आवश्यक रकम माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. २१**

जिल्ला समन्वय समिति, मकवानपुरले जिल्ला भित्रका स्थानीय तहका जनप्रतिनिधिहरुका लागि निर्धारण गरेको पोषाक तथा लोगोका सन्दर्भमा यस गाउँपालिकाका जनप्रतिनिधिहरुले उक्त पोषाकहरु यथाशिघ्र तयार गरी लगाएर आगामी बैठक, सभा, समारोह तथा कार्यपालिकाहरुको बैठकमा उपस्थित हुनुपर्ने निर्णय गरियो । साथै केन्द्र, प्रदेश वा अन्य कुनै निकायबाट प्राप्त अनुदान तथा कुनै किसिमको बजेट तथा रकमलाई बाधा नपुग्ने गरी यस गाउँपालिकाले संकलन गरेको आन्तरीक राजश्व वा कन्टिन्जेसी वा त्यस्तै प्रकृतीको अन्य स्रोतबाट निर्धारीत पोषक तयार भएपछि प्रति जनप्रतिनिधि रु. १० हजारका दरले सोधभर्ना समेत उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. २२**

चालु आर्थिक वर्षका निमित्त यस गाउँपालिकाले विनियोजन गरेको कृषि क्षेत्र तथा पशु क्षेत्रको अवलोकन भ्रमण मा जम्मा रु. ४ लाख ५० हजार बजेटबाट देश तथा विदेशमा कृषि क्षेत्रको आधुनिकिकरण तथा पशुपालनमा अवलम्वन गरेका विधि तथा तरिकाहरु सम्भव हुनेसम्म आफ्नो गाउँपालिका क्षेत्रमा समेत अनुकुलन तथा अवलम्वन गर्ने उद्धेश्यले नेपालको पूर्वी भेगमा पर्ने सुनसरीको तरहराको वागवानी केन्द्र, धनकुटाको पाखिवास कृषि फर्म, इलामको कन्याम चिया बगान तथा दार्जलीङको चिया बगान, चिडियाखाना लगायतका कृषि तथा पशूजन्य क्षेत्रहरु, सिक्किमका विभिन्न कृषि तथा पशू फर्महरु तथा अन्य प्रचलित कृषि तथा पशू क्षेत्रको अवलोकन भ्रमणका निमित्त मिति **२०७५ चैत्र ५ गते देखि चैत्र ११ सम्म ७ दिने** कार्यक्रममा कार्यपालिका सदस्य एवं किसान, अगुवा कृषक तथा कर्मचारीहरु जाने निर्णय गरियो ।

**निर्णय नं. २३**

नेपालको संविधानले अनुसूची ८ मा दिएको २१ वटा अधिकारको सूचीले प्रत्याभूत गरेको कानुन निर्माण सम्वन्धी स्थानीय सरकारको अधिकार प्रयोग गरी यस गाउँपालिकालाई संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले उपलब्ध गराएका नमूना कानुनहरु तथा यस गाउँपालिकाले आवश्यकता महसुस गरी निर्माण गरेको मस्यौदा समिति एवं विधयक समितिमार्फत छलफल हुँदै आएका तपसिलमा उल्लेखित संलग्न बमोजिमका नियम, कार्यविधि, निर्देशिकाहरु पारीत गरी राजपत्रमा प्रकाशन गर्ने निर्णय गरियो ।

**तपसिल**

१. एफ.एम. रेडियो सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७५
२. शिक्षा नियमावलि, २०७५
३. व्यवसाय दर्ता कार्यविधि, २०७५
४. विपद व्यवस्थापन कोष सञ्चालन कार्यविधि, २०७५
५. गाउँपालिका आपतकालिन कोष सञ्चालन विधि, २०७५
६. अनुदान तथा आर्थिक सहायता निर्देशिका, २०७५
७. गैरसरकारी समन्वय निर्देशिका, २०७५
८. तालिम, गोष्ठि, कार्यशाला, अध्ययन भ्रमण, पदाधिकारी तथा कर्मचारी इन्धन, टेलिफोन र ओभरटाइम सुविधा सम्वन्धी कार्यविधि, २०७५
९. एकल महिला लक्षित पशू पालन सबलिकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५

**निर्णय नं. २४**

यस गाउँपालिको मिति २०७५ महिनाको गतेको निर्णयानुसार नदीजन्य पदार्थ उत्खनन् तथा संकलन गर्दा सम्वन्धीत क्षेत्रको स्थानीय बासिन्दाहरुलाई त्यसको प्रत्यक्ष असर पर्ने वा नपर्ने सन्दर्भमा राष्ट्रिय दैनिकमा

CamScanner

प्रकाशन गरेको ३० दिने सूचना अनुसार सो अवधिभित्र कुनै व्यक्तिले पनि सो सम्बन्धमा कुनै कुरा उल्लेख गरी निवेदन गाउँपालिकामा नदिएकाले उक्त नदीजन्य क्षेत्रहरुबाट नदीजन्य पदार्थ संकलन तथा उत्खनन् गर्न कुनै बाधा पर्ने नदेखिएकोले उल्लेखित नदिजन्य क्षेत्रहरु मध्ये वातावरणीय प्रभाव मुल्याकंन प्रयोजनार्थ तपसिल बमोजिमका नदिजन्य क्षेत्रको TOR तयार गर्ने निर्णय गरियो ।

<u>तपसिल</u>

१. खरकण्डे टार, रेउती खोला लोथर खोलाको माथि सिरान
२. मखेडि गाउँ र सुनारीसौरा गाउँमा पर्ने चुर्लिङ्ग खोला, चुर्लिङ्ग खोला, ३
३. गोरादि खोला वडा नं. ४
४. रतुवा खोला वडा नं. ४
५. लोथर खोला वडा नं. ६ र ७
६. पाङ्ग्यती वडा नं. ६

<u>निर्णय नं. २५</u>

सामाजिक सुरक्षा कार्यक्रम कार्यविधि, २०७५ को दफा २२ मा मन्त्रालयको स्विकृती विना हातहातै नगद वितरण गर्न नपाउने व्यवस्था भएको साथै सोही कार्यविधिको दफा १६ को खण्ड घ मा बैकिंङ्ग प्रणालीमा सामाजिक सुरक्षा भत्ता वितरणमा गइनसकेको स्थानीय तहको हकमा सम्बन्धीत वडा समितिको रोहवरमा भत्ता रकम वितरण गर्नुपर्नेछ भन्ने व्यवस्था भएकोले यस गाउँपालिकामा हालसम्म बैकिंङ्ग प्रणालीको सुरुवात भइनसकको तथा गाउँपालिकाका वडाहरु दुर्गम एवं जटिल भौगोलिक संरचनामा अवस्थित रहेकोले सामाजिक सुरक्षा भत्ता प्रणाली बैंक मार्फत नभएसम्मका लागि चालु आर्थिक वर्षका दोश्रो र तेश्रो चौमासिकका लागि हातहातै सामाजिक सुरक्षा भत्ता वितरण गर्न यस कार्यक्रमको तालुक निकाय गृह मन्त्रालय तथा सम्वन्धीत निकायसंग स्विकृतीका लागि लेखि पठाउने निर्णय गरियो ।

<u>निर्णय नं. २६</u>

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट हाल भईरहेको समायोजनका सन्दर्भमा स्थानीय तहमा हाल कार्यरत कर्मचारीहरुलाई समायोजन पदस्थापन गर्दा स्थानीय तहमा भइरहेको योजना सम्झौता, भुक्तानि प्रणाली, सर्भे डिजाइन तथा लागत अनुमान, अनुगमन तथा मुल्याकंन, प्रशासनिक कामकाज तथा समग्रमा सार्वजनिक सेवा प्रवाहमा प्रत्यक्ष रुपमा असर परी गाउँपालिकाले पारीत गरेको योजना तथा कार्यक्रममा विनियोजीत बजेट बमोजिम काम नभई विकासमा समेत ढिलाई हुने साथै दोश्रो र तेश्रो चौमासिकमा कार्यालयको कामकाज पनि आनुपातिक रुपमा वढ्ने भएकाले यहि अवधिमा पदस्थापन भई आउने कर्मचारीबाट नयाँ कार्यालयमा आई कार्यालयको कार्यवातावरणमा अनुकुलन हुन समेत समय लाग्ने भएकोले चालु आर्थिक वर्षमा त्यस्ता नयाँ कर्मचारीहरुबाट अपेक्षाकृत कामकाज हुने संभावना कम देखिएकोले समायोजन भएका र हुने यस कार्यालयमा कर्मचारीहरुलाई असार मसान्तसम्मका लागि पदस्थापन नगर्न तथा नगराउनको लागि मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

माध्यमबाट कर संकलन गर्नको लागि कर्मचारीहरुलाइ परिचालन गर्ने विधि अपनाइने छ । कर संकलन प्रयोजनका लागि गाउँपालिकामा कर संकलन हुने क्षेत्रलाई बढीमा पाँच क्लष्टरमा विभाजन गरिनेछ । पाँचवटै क्लष्टरमा गाउँपालिकाको कर्मचारीलाई ईन्चार्जको रुपमा राखी सोही ईन्चार्जको माध्यमबाट रसिद वितरण गर्ने, नगद संकलन गर्ने, त्यस क्लष्टरमा रहेका कामदारहरुको लागि आवश्यक सामानहरुको मागगर्ने तथा त्यस क्लष्टरको कामको नियमित संचालन गरि सो को प्रगती गाउँपालिकामा पेश गर्ने कार्य गर्नेछन् । सो पाँच क्लष्टरहरु निम्न रहेको छ ।

| क्लष्टर नं. | क्षेत्र | ईन्चार्जको नाम थर | कैफियत |
|---|---|---|---|
| क्लष्टर नं.१ | प्याङ्चे क्षेत्र | नियुक्तिमा तोकिए अनुसार | |
| क्लष्टर नं.२ | जिर्खे क्षेत्र | नियुक्तिमा तोकिए अनुसार | |
| क्लष्टर नं.३ | मुस्ले क्षेत्र | नियुक्तिमा तोकिए अनुसार | |
| क्लष्टर नं.४ | चैनपुर क्षेत्र | नियुक्तिमा तोकिए अनुसार | |
| क्लष्टर नं.५ | रतुवा क्षेत्र | नियुक्तिमा तोकिए अनुसार | |

- यसरी कर संकलनमा रसिद वितरण गर्दा ईन्चार्जलाई एक पटकमा बढिमा १५ प्याड रसिद उपलब्ध गराइने र अर्को पटकमा रसिद लिन आउदा अघिल्लो पटक लगेको ८० प्रतिशत प्याड रसिदको रकम कार्यालयको नाममा बैंक खातामा बुझाई भौचर उपलब्ध गराए पश्चात मात्र प्राप्त भएको प्याडको आधारमा नयाँ प्याड उपलब्ध गराईनेछ ।
- रकम दाखिलाको हकमा कर संकलकहरुले कार्यालयमा नगद वा वैक भौचर पेश गरेपछि राजश्व शाखाबाट भर्पाई (नगद प्राप्तीको रसिद) प्राप्त गर्नेछन् ।
- सो रकमको तेश्रो प्रति रसिदसंग रसिदको सिलसिलेवार नम्वर अनुसारको दैनिकि समेत नियमित रुपमा भरी फाटवारी समेत पेश गरी हिसाव मिलान गर्नु कर संकलकहरुको दायित्व हुनेछ ।
- आर्थिक प्रशासन शाखामा आय दाखिला गर्दा प्रत्येक आयका साथ दोश्रो (पहेंलो) प्रति नगदि रसिद सम्लग्न हुनेछ ।

कर्मचारीहरुको परिचालन निम्नानुसार गरिनेछ ।

| क्र.स. | कार्य जिम्मेवारी | कर्मचारीको पद/नाम | समय | स्थान |
|---|---|---|---|---|
| १ | नाकाको सुपरिवेक्षण तथा अनुगमन गर्ने | गा.पा.अध्यक्ष/उपाध्यक्ष | जुन सुकै समय | सबै नाकाहरु |
| २ | कर सम्वन्धी सवै कार्यको संयोजन | प्रमुख प्रशासकिय अधिकृत | जुन सुकै समय | सबै नाकाहरु |
| ३ | कर संकलनमा खटिएका कर्मचारीहरुलाई आवश्यक समन्वय गर्ने तथा संकलन कार्यको नियमित अनुगमन गर्ने । | अधिकृत राजेन्द्र भट्टराई | जुन सुकै समय | सबै नाकाहरु |
| ४ | कर संकलन रकमलाई व्यवस्थित गर्ने, कर संकलनमा खटिएका कर्मचारीहरुको तलव भत्ता वितरणको व्यवस्था गर्ने तथा नियमित अनुगमन गर्ने । | लेखा अधिकृत | जुन सुकै समय | सबै नाकाहरु |
| ५ | नियमित सुपरिवेक्षण, नाकामा कर्मचारीको व्यवस्था गर्ने, नाकाको व्यवस्थापन सम्वन्धी काम गर्ने, रसिद प्रमाणित गर्ने, प्राप्त वैङ्क भौचर आ.प्र.शाखामा पेश गर्ने व्यवस्था मिलाई ठेक्का व्यवस्थापन लगायतका अन्य सवै कार्यहरुको व्यवस्थापन गर्ने । | अधिकृत राजेन्द्र भट्टराई/ ना.सु.निशिथ प्र.शर्मा | जुन सुकै समय | सबै नाकाहरु |
| ६ | प्राप्त नगद वैक दाखिला गर्ने, नाकामा रसिद वितरण गर्ने, प्राप्त रसिदको अर्धकट्टी नियमित आयो आएन रेखदेख गरी फाटवारी तयार गर्ने, नाकाको नियमित सुपरिवेक्षण गर्ने, अन्य तोकिएको राजश्व सम्वन्धी कार्य गर्ने । | ले.पा.सत्येन्द्र आचार्य/ ले.पा.त्रिलोक थापा | जुन सुकै समय | सबै नाकाहरु |
| ७ | राजश्व शाखामा रसिद तथा आवश्यक सामाग्री उपलव्ध गराउने तथा व्यवस्थापनको लागि कर संकलन गर्ने नाकाहरुको छड्के तथा नियमित चेकजांच गर्ने । | ना.सु.रामप्रसाद भट्टराई/ ले.पा.देवेन्द्र ब.प्रधान | जुन सुकै समय | सबै नाकाहरु |
| ८ | रसिदमा छाप हान्ने, नियमित सामानको व्यवस्था गर्ने,राजस्व शाखामा कर्मचारी नभएको अवस्थामा नगद रकम वैङ्क जम्मा गर्न सहयोग गर्ने । | का.स.रेम्वो प्रजा | | |

CamScanner

- कार्यालय प्रमुख वा निजले तोकेको अधिकारीबाट कम्तीमा १५ दिनको एक पटक कर संकलन केन्द्रहरुको नियमित अनुगमन गर्ने ।
- आवश्यकता अनुसार गाउंपालिकाले समेत अनुगमन गर्न सक्नेछ ।

## ५.खर्च अनुमान :

गाउंपालिकाले आफैंद्वारा कर उठाउने कामगा लाग्न सक्ने खर्चको अनुमान निम्न अनुसार हुनेछ । प्रत्यक्ष रुपमा बसेका कर संकलक भन्दा बाहेकका अनुगमन तथा सुपरीवेक्षण कार्यमा खटिएका कर्मचारीहरुको हकमा बिहान बेलुकी काममा खटिनु पर्ने तथा कार्यालयबाट दै.भ्र.भ. दिंदा कार्यालयलाई अझ बढी बोझ पर्ने भएकोले फिल्ड खाना तथा खाजा खर्चको व्यवस्था सम्लग्न अनुसुचि अनुसार आन्तरिक आयतर्फ/कन्टिन्जेन्सी राजश्व संकलन/परिचालन शिर्षकबाट रु. ७,००,०००/ भित्र देहाय बमोजिम गर्ने गरी पेश गरिएको छ ।

### बजेट तथा कार्यक्रम :

| सि.न. | विवरण | मासिक खर्च | कैफियत |
|---|---|---|---|
| १. | सम्लग्न अनुसुचि अनुसार मासिक (नाकामा खटिने कर्मचारी समेत) | १,१३,०००।०० | |
| २. | छपाई (रसिद तथा दैनिकी, डोर हाजिरी, कर विवरण आदि ) | १०,०००।०० | |
| ३. | इन्धन (कर संकलक, संकलन कार्यमा खटिने कर्मचारीहरुको मो.सा. र गाडीको ईन्धन खर्च) | १०,०००।०० | |
| ४. | स्टेशनरी (कापी, कलम, कार्बन, लगबुक, छाता, रेनकोट, ज्याकेट) | १०,०००।०० | |
| ५. | प्रतिनिधिद्वारा अनुगमन खर्च | १३,०००।०० | |
| | वार्षिक रु. ७,००,०००/ मा ननाघने गरी जम्मा मासिक | १,५६,०००।०० | |

### खर्चमा मितव्ययिताका लागि देहाय वमोजिमको नीति लिईने छ ।

- तत्काल ठेक्का प्रकृयामा गई सकेसम्म कम समयका लागि यस कार्ययोजना लागू गरिनेछ ।
- सम्लग्न अनूसूचिमा उल्लेखित कर्मचारीहरु अधिकतम् रुपमा प्रयोग गर्नका लागि तयार गरीएको छ, तर सकेसम्म कार्यालयका कर्मचारीहरु खटाई कर संकलन गरिनेछ ।
- कार्यालयका कर्मचारीहरुले भ्याउन नसक्ने अवस्थामा मात्र अनूसूचिमा उल्लेखित कर्मचारीहरु आवश्यकता अनूसार प्राथमिकता तोकि खटाईनेछ ।
- सो कर संकलनका लागि खटिने कर्मचारीहरुका लागि समेत उल्लेखित रकमको सिमा भित्र रही खर्च व्यवस्थापन गरिनेछ ।
- यो कार्ययोजना राजस्व संकलनको अर्को व्यवस्था नभए सम्मको लागि कायम रहनेछ ।

## ६.चालुमा गाउंपालिकाले मिति २०७५/१०/०९ देखि दैनिक ज्यालादारीमा कामकाज गर्ने गरी खटाउन सक्ने कर्मचारीहरुको विवरण :

| क्र.स. | कर संकलकको नाम थर | कर संकलन नाका | नाका परिवर्तन गर्ने/नगर्ने वा हटाउने | कैफीयत |
|---|---|---|---|---|
| १ | शुशिल कुमार ब्लोन | प्याङ्चे | | मासिक रु. १९,५००/ |
| २ | सुन बहादुर स्याङ्तान | प्याङ्चे | | मासिक रु. १९,५००/ |

## ७. आगामी दिनमा गर्नुपर्ने कार्यहरु :

➢ ठेक्का लगाउनको लागि गर्न सकिने कार्यहरु :

- ❑ ठेक्काको अंकमा कमी गर्ने, यसको लागि गत वर्षको ठेक अंक तथा यस यस आ.व. को असुली अंकलाई आधार वनाउन सकिने ।
- ❑ वन कार्यालयसंग समन्वय गरि एकिकृत रुपमा कर संकलन गर्नको लागि एकिकृत रुपमा ठेक्का आव्हान गर्ने (यो तरिका अवलम्वन गर्दा २ वटा निकायको कर एकै ढाटबाट संकलन हुने हुँदा करको ठेक्का लाग्ने संभावना रहन्छ )
- ❑ गाउंपालिकाको IEE/EIA गर्न वांकि क्षेत्रहरुको प्रतिवेदन स्वीकृत गर्ने/गराउने प्रकृया तत्काल अघि वढाउनु पर्ने ।
- ❑ मनहरी गाउंपालिकासंग सहमति कायम गरी सम्भव भएमा संयुक्त समिति मार्फत कर संकलन गर्न प्रयत्न गर्ने ।

### कर संकलनकर्ताहरुको मासिक पारिश्रमिक विवरण
आ.व.२०७५/०७६

**अमानतवाट ढूङ्गा, गिट्टी, बालूवाको आन्तरिक कर संकलन कार्य सुरु भएपछि खटाईएको आधारमा वितरण गरीने भत्ता, मासिक खाना तथा खाजा खर्च**

| सि नं. | नाम | पद | कर संकलन नाका | मासिक खाना तथा खाजा खर्च (२४ सै घण्टा खटिने) | नियूक्तिको किसिम/ कार्यालय (पटके/करार) |
|---|---|---|---|---|---|
| १ | कमलकान्त घिमीरे | इन्चार्ज | प्याङ्चे | १३,०००/ | गाउंपालिका |
| २ | वावुराम वाईवा | इन्चार्ज | जिर्खे | ७,०००/ | गाउंपालिका |
| ३ | घाटगद्धि खाजा खर्च | विभिन्न स्थानको लागि | | १०,०००/ | गाउंपालिका |
| ४ | सुरक्षार्थ खटिने प्रहरी एकजना | | | ४५००/ | |

**कार्यालयमा कार्यरत कर्मचारीहरुले कार्यालय समय बाहेक खटिएको अवस्थामा पाउने सेवा सुविधाहरु**

| | | | | |
|---|---|---|---|---|
| १ | प्रमुख प्रशासकिय अधिकृत तथा अधिकृतस्तर बढीमा ३ जना | खाजा खर्च, मासिक | ५,०००।०० | रोडा ढूङ्गा, गिट्टी, वालुवा जिल्ला अनुगमन तथा समन्वय समितिको वैठकमा उपस्थित पदाधिकारी/प्रतिनिधिहरुलाई प्रति वैठक/प्रतिदिन रु. १,५००।०० उपलव्ध गराउने । |
| २ | सहायकस्तर बढीमा ६ जना | खाजा खर्च, मासिक | ४,०००।०० | |
| ३ | सहयोगी | खाजा खर्च, मासिक | ३,५००।०० | |

CamScanner